मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १३७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० चैत २१ गते बुधवार (Wednesday, 3 April. 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## यूके र फ्रान्स पठाइदिन्छु भन्दै छ करोड ठगी

**झापा, चैत २०।** वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा देखाई विभिन्न देश पठाइदिन्छु भनी ठगी गरेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा झापा कमल-७ घर भई काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-७ बस्ने ३७ वर्षीय केदार चौधरी, बाँके कोहलपुर नगरपालिका-१० घर भई काठमाडौं टोखा बस्ने ३२ वर्षीय जीवराज केसी र म्याग्दी गाउँपालिका-१ घर भई कास्की पोखरा

*(बाँकी अन्तिम पृष्ठमा)*

### ६७औं राष्ट्रिय सहकारी दिवस

# सहारा नेपाल, एनएमसी र कर्णालीलाई उत्कृष्ट सहकारीलाई सम्मान

**झापा, चैत २०।** जिल्ला सहकारी संघ झापाले ६७ औं राष्ट्रिय सहकारी दिवसको अवसर पारेर तीन उत्कृष्ट सहकारीलाई सम्मान गरेको छ ।

न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीको प्रमुख आतिथ्यमा बिर्तामोडमा आयोजित कार्यक्रमकाबीच नेपालकै उत्कृष्ट सहकारी सहारा नेपालसहित जिल्लामा सञ्चालित तीनवटा सहकारीलाई सम्मान गरिएको हो ।

बिर्तामोडस्थित सिटी सेन्टर परिसरमा आयोजित कार्यक्रमकाबीच देशकै सबैभन्दा ठूलो सहकारी सहारा नेपाल साकोस, दोस्रो नेपाल बहुउद्देश्यीय सहकारी संस्था र नवौं स्थानमा पर्न सफल कर्णाली सहकारीलाई सम्मान गरिएको थियो ।

सहारा नेपालका अध्यक्ष हरिबहादुर राजवंशी, प्रमुख कार्यकारी अधिकृत महेन्द्रकुमार गिरी, नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष ठाकुरप्रसाद शिवाकोटी र प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेती तथा कर्णाली सहकारीका अध्यक्ष टसबहादुर श्रेष्ठ र कार्यकारी प्रमुख कुमार याक्सोलाई प्रमुख अतिथि गिरीले सम्मान गरेका थिए ।

जिल्ला सहकारी संघ झापाका अध्यक्ष गणेश ढकालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत संघका वरिष्ठ उपाध्यक्ष महेन्द्रकुमार गिरीले गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि गिरी, राष्ट्रिय सहकारी महासंघका



निर्वतमान अध्यक्ष मीनराज कँडेल, बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, नेकपा एमाले झापाका नवनिर्वाचित अध्यक्ष प्रेमबहादुर गिरी र नेकपा (माओवादी केन्द्र) झापाका अध्यक्ष राजु आचार्य (अग्नि) लगायतले सहकारी संस्थालाई व्यवस्थित गर्दै लानुपर्नेमा जोड दिएका थिए ।

सोही कार्यक्रमकाबीच राष्ट्रिय सहकारी महासंघका निर्वतमान अध्यक्ष कँडेललाई सम्मान गरिएको थियो भने संघले प्रकाशन गरेको सहकारी स्मारिकासमेत विमोचन गरिएको थियो । कार्यक्रमको सञ्चालन संघका सचिव भवानीप्रसाद दंगालले गरेका थिए ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## जागिरको लोभ देखाएर बैंकको रकम चोर्ने प्रयास

**झापा, चैत २०।** सामाजिक सञ्जाल फेसबुकमा डाटा इन्ट्रीको जागिर दिने प्रलोभन देखाएर ह्याकरले बैंकको रकम चोर्ने प्रयास गरेको खुलेको छ ।

पछिल्लो समय सामाजिक सञ्जालको प्रयोग गर्दै अपराधका घटना बढिरहेका बेला ह्याकरले डाटा इन्ट्रीको बहाना बनाएर ह्याकरले नेपालका बैंकहरुमा जम्मा गरिएको रकम चोर्ने प्रयास गरेको प्रहरीले जनाएको छ ।

रोमन रेग्मी (परिवर्तित नाम) ले फेसबुक चलाइरहँदा डाटा इन्ट्रीको काम सम्बन्धी पोस्ट देखे । 'डिजिटल सोलुसन नेपाल' नामको फेसबुक पेजबाट आएको विज्ञापन देखेपछि रोमनले त्यस विषयमा बुझ्न उक्त पेजमा मेसेज पठाए ।

उताबाट रिप्लाई आयो -तपाईंसँग ल्यापटप वा पीसी छ ? रोमनले "छ" भनेर लेखेर पठाए । त्यसको केही सेकेण्डमै उताबाट मेसेज आयो । जसमा लेखिएको थियो- हजुरले जति काम गर्नुहुन्छ, त्यही अनुसारको पैसा कमाउनुहुन्छ । हजुरले जतिबेला पनि काम गर्न सक्नुहुन्छ । इकमर्स एपमा प्रडक्ट एड गर्ने काम हो । के तपाईं काम सिक्नका लागि अहिले तयार हुनुहुन्छ ?

कामको बारेमा बुझ्न आतुर रोमनले तत्कालै तालिम कहिले, कसरी लिन सकिन्छ भनेर प्रश्न राखे । जवाफमा फेसबुक पेजबाट आयो- हजुरले डेमो भिडियो अहिले हेर्नुहोला । हजुर अहिलेदेखि नै काम गर्न चाहनुहुन्छ सर ?

काम खोजिरहेका रोमनलाई त्यो मौका गुमाउन मनले मानेन । उनले हुन्छ भनी जवाफ दिए । त्यस लगत्तै उताबाट रिप्लाई आयो- मासिक ३५ हजार तलब हुन्छ । दिनको जम्मा चार घण्टामात्र काम गर्नुपर्ने हो । हजुरको बैंक, खल्ती वा इसेवा जुन छ, पैसा त्यसैमा आउँछ ।

काम आकर्षक पनि थियो । दिनको चार घण्टा काम गरे ३५ हजार तलब आउने भएपछि रोमनलाई त्यसतर्फ रूचि बढ्यो । उनले के गर्नुपर्ने हो भनेर सोधे । उताबाट वी ट्रान्सफरमा अपलोड गरिएको डट आरएआर फाइलको लिङ्क पठाइयो । रोमनले लिङ्क खोलेर फाइल डाउनलोड गरे । त्यसलाई एक्स्ट्र्याक्ट गरे । त्यसपछि आफैं केही कोड चलिरहेको जस्तो देखे । उनलाई झट्ट आफ्नो कम्प्युटरमा उक्त फाइल नचलेको हो कि भन्ने शंका लागेर नजिकका साथी मिलन शर्मा (परिवर्तित नाम) लाई लिङ्क पठाए । मिलनले साथीबाट पाएको सो लिङ्क खोले । फाइल डाउनलोड गर्ने अप्सन देखियो । फाइल डाउनलोड गरे । त्यसपछि रोमनले फाइल एक्स्ट्र्याक्ट गर्न लगाए ।

तर, रोमनको ल्यापटपमा जस्तै मिलनको ल्यापटपमा पनि कमाण्ड प्रम्प्ट खुल्यो र कोड आफैं चल्न थाल्यो । एक्कासी त्यस्तो कोड चलेको थाहा पाएपछि मिलनले रोमनलाई उक्त फाइलबाट त्यस्तो कुनै सफ्टवेयर डाउनलोड नभएको तर कोड आफैं चलिरहेको बताए ।

त्यसपछि रोमन र मिलन आ-आफ्नै काममा व्यस्त भएकाले त्यस विषयमा खासै ध्यान दिएनन् । तर, त्यसको साँझपख मिलनको बैंकबाट कनेक्ट आईपीएस मार्फत रकम काटिएको भन्ने नोटिफिकेसन आयो । एक्कासी बैंकबाट रकम निकालेको मेसेज देखेपछि मिलन आत्तिए । उनले बीएससी सीएसआईटी तथा एमबीएसमा मास्टर्स सकेका साथी सुवास दाहाललाई यस विषयमा जानकारी दिए । सुवास बैंकको आईटी विभागमै काम गर्ने भएकाले यो समस्या उनले बुझ्छन् भन्ने अपेक्षाले मिलनले सबै समस्या पोखे ।

त्यस लगत्तै सुवासले उक्त फायल आफ्नो

*(बाँकी अन्तिम पृष्ठमा)*

### सीमाबासीसँग सशस्त्र प्रहरी

## अभिभावकविहीनलाई छात्रवृत्ति

**झापा, चैत २०।** सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण हेक्वा झापाले '२३औं सशस्त्र प्रहरी दिवस-२०८०' को अवसरमा अभिभावकविहीन विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ ।

दिवसको अवसरमा झापा गौरीगञ्ज गाउँपालिका-४स्थित मुसहर समुदायका अति विपन्न एवम् अभिभावकविहीन गौरिया आधारभूत विद्यालयमा कक्षा-३मा अध्ययनरत् रानी रिषिदेवलाई एपीएफ स्कूलमा कक्षा-१० सम्म निःशुल्क अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिएको हो । बुबाआमा गुमाएकी रानी हाल दिदीभिनाजुसँग बस्दै आएकी छन् ।

त्यस अवसरमा यहाँ आयोजित एक कार्यक्रमकाबीच प्रमुख अतिथि सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा विभागका विभागीय प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौड्यालले रानीलाई छात्रवृत्ति प्रदान गरेका थिए । सीमा सुरक्षालाई थप व्यवस्थित र प्रभावकारी बनाउन सीमा क्षेत्रमा बसोबास गर्ने स्थानीयवासीको साथ र सहयोग अपरिहार्य रहने सशस्त्र प्रहरी बल नेपाल नं. १ बराह बाहिनी मुख्यालय सुनसरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेलले बताए ।

उनले विपन्न एक सय ५० जना विद्यार्थीलाई शैक्षिक सामग्री र विद्यालयलाई दुई थान खेलकुद सामग्री पनि वितरण गरे । कार्यक्रममा राजस्व चुहावट नियन्त्रण, सीमा अपराध नियन्त्रणसम्बन्धी विषयमा छलफल तथा अन्तरक्रिया गरिएको थियो । दिवसकै अवसरमा सीमाबासीसँग सशस्त्र प्रहरी' कार्यक्रम अन्तर्गत गत चैत ७ गतेबाट मेचीनगर नगरपालिका-१स्थित तिरिङबाट संयुक्त पैदलयात्रा गरिएको छ ।

जिल्लाको सीमा इलाका दुरी १४४ दशमलव ०२ किलोमिटर दूरीमा चार वटा प्रस्तावित सीमा सुरक्षा गुल्म र १७ वटा बीओपी तैनाथ रहेको र अन्य विभिन्न स्थानमा १६ वटा बीओपी स्थापनाका लागि प्रस्तावित गरिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राईले जानकारी दिए ।

## मेची प्रादेशिक अस्पताललाई शिक्षण अस्पताल बनाउन माग

**झापा, चैत २०।** भद्रपुर नगरपालिकाले प्रादेशिक अस्पताल (मेची अस्पताल) लाई शिक्षण अस्पताल बनाउन कोशी सरकारसमक्ष माग गरेको छ ।

मंगलबार दिउँसो प्रादेशिक अस्पतालको स्थलगत निरीक्षण भ्रमणमा आएका कोशी प्रदेशका स्वास्थ्य मन्त्री प्रदीपकुमार सुनुवारलाई भेटेर भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेलले ज्ञापन-पत्र बुझाउँदै शिक्षण अस्पतालको रुपमा स्थापना गर्न माग गरेका हुन् ।

ज्ञापन पत्रमा भनिएको छ- भद्रपुर-८ स्थित प्रदेश सरकार मातहत सञ्चालनमा रहेको यो एक मात्र प्रादेशिक अस्पताल हो । यो अस्पताल यस क्षेत्रको सबैभन्दा पुरानो र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गरी विश्वसनीयता कायम गर्दै आएको छ । बिरामीको चाप संख्या दिनानुदिन



बढ्दै गएको छ । यस अस्पतालमा ताप्लेजुङ, पाँचथर, इलाम लगायत भारतबाट समेत बिरामीहरू सेवा लिन आउने गरेका छन् ।

गुणस्तरीय स्वास्थ्य सेवा पाउने नागरिकको मौलिक हकको प्रत्याभूति गर्न समेत यस प्रादेशिक अस्पतालमा स्वास्थ्य सेवा सुविधा, जनशक्ति थप गर्ने, भवनको व्यवस्था गर्ने कार्य स्वास्थ्य मन्त्रालयबाट हुन अत्यावश्यक देखिएको छ ।

स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच बनाउन र स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न कोशी प्रदेशकै एक मात्र अस्पतालको रुपमा रहेको प्रादेशिक अस्पताललाई शिक्षण अस्पतालको रुपमा स्थापना गर्न जोडदार माग गर्दछौं । साथै यस अस्पतालको नाममा विगतको पहिचानको रुपमा रहेको मेची अस्पताल नाम समेत झल्किने गरी यस नगरपालिकाको १३ औं नगर सभाबाट समेत भएको निर्णय भएकोले यस अस्पताललाई प्रादेशिक शिक्षण रुपमा सञ्चालन गर्न व्यवस्था मिलाइदिन ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।

## नावालिकालाई वेश्यावृत्तिमा लगाउँदा...

**झापा, चैत २०।** नावालिकालाई वेश्यावृत्तिमा लगाएको अभियोगमा एक युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-१६ स्थित 'लाफा' नाम गरेको खाजा घरका संचालक काठमाडौं बालाजु बस्ने उदयपुरगढी गाउँपालिका-६ घर भएका २३ वर्षीय नवीनकुमार मगर रहेका छन् ।

उक्त खाजाघरमा बालिकाहरूलाई विभिन्न डरत्रास र प्रलोभनमा पारी वेश्यावृत्तिमा लगाउने गरेको भन्ने सूचनाको आधारमा मानव बेचबिखन अनुसन्धान व्यूरो बबरमहलबाट खटिएको प्रहरीले नवीन कुमारलाई पक्राउ गरेको हो ।

साथै उक्त खाजाघरबाट एक जना बालिकाको समेत प्रहरीले उद्दार गरेको छ। उनी उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट पाँच दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# कनकाईमा प्लास्टिक पेवर्स उत्पादन

**झापा, चैत २०।** कनकाई नगरपालिकामा फोहोर व्यवस्थापनसँगै बायोग्यास उत्पादन गरिरहेको कनकाई-बिर्ता-अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनीले प्लास्टिक ब्लक (पेवर्स) उत्पादन शुरु गरेको छ ।

स्थानीय सरकार तथा निजी लगानी रहेको सो ऊर्जा परियोजनाले दैनिक दुई हजार थान पेवर्स उत्पादन गर्ने गरी परीक्षण उत्पादन शुरु गरेको हो । प्लास्टिक ब्लक मेकिङ मेसिन रु. एक करोड ७१ लाखको लागतमा खरिद गरी ल्याइएको परियोजनाका मेकानिकल इञ्जिनियर मोहमद नसिम अलीले जानकारी दिए ।

उनले सो मेसिनबाट दैनिक १० जनशक्तिको प्रयोग गरी २४ घण्टा नै पेवर्स उत्पादन गर्न सकिने बताए । उनले परीक्षणकालीन समय एक हप्ताका लागि भएको समेत बताए । भारतबाट ल्याइएको स्वचालित मेसिनले बालुवा र प्लास्टिकको मिश्रण आफैं मिलाउने उनको भनाइ छ ।

पहिलो चरणमा प्लास्टिकलाई टुक्र्याएर



६० देखि ७० डिग्री तापक्रममा पगालेर लेदो बनाइने र लेदोलाई प्रेस मेसिनमा राखेर ३० टनको लोड दिएर ब्लक निर्माण गरिने गरेको उनले जानकारी दिए । विभिन्न आकारमा निर्माण गरेर केहीबेर पानीमा राखिने गरेको ब्लकको भार क्षमता ८० टन रहेको अलीले बताए । मर्मत राम्रो भएमा वर्षौंसम्म ब्लकले काम गर्ने उनको भनाइ छ ।

प्लास्टिक र बालुवाबाट निर्मित ब्लकको मूल्य प्रतिगोटा रु. १२ रहेको छ । उनले भने- सिमेन्टबाट निर्मित ब्लकको मूल्यभन्दा झण्डै आधा खर्चमा पाइन्छ । यस ब्लकबाट सडकदेखि घर कम्पाउन्ड निर्माण प्रयोग गर्न सकिन्छ ।

दैनिक दुई हजार ब्लक उत्पादन गर्न चार टन प्लास्टिक चाहिने ऊर्जा परियोजनाले जनाएको छ । उनका अनुसार हाल दैनिक डेढ टन प्लास्टिक मात्र परियोजनामा सङ्कलन हुने गरेको छ । कनकाई-बिर्ता-अर्जुन नवीकरणीय ऊर्जा परियोजनाले वर्गीकरण गरेको फोहोरबाट बायोग्यास र ब्लक निर्माण भएको हो । बायोग्यास उत्पादन भइरहे पनि त्यसको बिक्री हुन नसकिरहेको परियोजनाले जनाएको छ ।

परियोजना कनकाई, बिर्तामोड र अर्जुनधारा नगरपालिका, दातृ निकाय र स्थानीय नागरिक समेतको रु. २२ करोड लगानीमा फोहोर मैलाको दिगो व्यवस्थापनका लागि बायोग्यास प्लान्ट निर्माण गरिएको थियो ।



## नेता खाम पक्राउ



**काठमाडौं, चैत २०।** नेकपा (माओवादी केन्द्र)का नेता कालीबहादुर खाम पक्राउ परेका छन् ।

नेता खामलाई कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठको हत्या अभियोगमा पक्राउ गरिएको हो । उनलाई मंगलबार ठमेलबाट पक्राउ गरिएको जिल्ला प्रहरी परिसर, काठमाडौंका एसएसपी भूपेन्द्र खत्रीले बताए ।

काठमाडौंमा पक्राउ परेका खामलाई चितवन लग्ने तयारी गरिएको छ । उनी विरुद्ध जिल्ला अदालत, चितवनमा मुद्दा दर्ता भएको थियो । व्यापारी श्रेष्ठको २०६४ सालमा हत्या गरिएको थियो । उनलाई २०६४ वैशाख १५ गते राति २ बजे अपहरण गरेर शक्तिखोरस्थित लडाकु शिविर लगिएको थियो । सोधपुछका क्रममा दिइएको यातनाबाट व्यापारी श्रेष्ठको ज्यान गएको थियो । हत्या घटनामा दोषी ठहर भएका खाम फरार थिए । त्यही मुद्दामा उनलाई मंगलवार नै चितवन लगिएको प्रहरीले जनाएको छ ।

## अब जनप्रतिनिधि र कर्मचारीका छोराछोरी सामुदायिक विद्यालयमा पढाउनुपर्ने

**खोटाङ, चैत २०।** खोटेहाङ गाउँपालिकाले आगामी शैक्षिकसत्र २०८१ देखि शिक्षक, कर्मचारी र जनप्रतिनिधिका छोराछोरीलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गर्न गाउँपालिकावासीलाई आव्हान गरेको छ ।

पछिल्लो समय जिल्लाभर सामुदायिक विद्यालयहरु विद्यार्थी अभावमा रित्तिँदै गएको अवस्थामा सो गाउँपालिकाले नयाँ विद्यार्थी भर्नासम्बन्धी सूचना प्रकाशन गर्दै शिक्षक, कर्मचारी र जनप्रतिनिधिकालाई आ-आफ्ना छोराछोरीलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गरेर पढाउन आव्हान गरेको हो । सामुदायिक विद्यालयप्रतिको घट्दो आकर्षणलाई उकास्न आफ्ना छोराछोरीलाई आफ्नो पायक पर्ने सामुदायिक विद्यालयमा भर्ना गरेर अध्ययन गराउन अनुरोध गरिएको गाउँपालिका प्रमुख उदिमबहादुर राई 'मुक्ति'ले जानकारी दिए ।

गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१को वार्षिक नीति तथा कार्यक्रम एवम् चैत ८को गाउँ कार्यपालिका बैठकको निर्णय अनुसार सामुदायिक विद्यालयमा भर्ना गर्न आह्वान गरिएको छ- उनले भने- सो सूचनाको बेवास्ता गर्दै उहाँहरु सबैले निजी विद्यालयमा भर्ना गरे उहाँहरुले पाउने तलब, भत्तालगायत सेवा सुविधा रोक्का गर्छौं ।

गाउँपालिकाले लागू गरेको यस व्यवस्थाले शिक्षक, कर्मचारी र जनप्रतिनिधिलाई आफ्ना छोराछोरी बोर्डिङ स्कूलमा पढाउन रोक लगाएको छ । सामुदायिक विद्यालयको गुणस्तर सुधारका निम्ति गाउँपालिकाले अवलम्बन गरेको नीतिलाई सहयोग गर्न सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, शिक्षाप्रेमीलगायत सरोकारवालासँग सार्वजनिक सूचनामार्फत अपिल गरेको छ । नौ वडा रहेको खोटेहाङ गाउँपालिकामा ४९ सामुदायिक र दुई संस्थागत विद्यालय सञ्चालनमा छन् । दुईवटा क्याम्पस, ११ वटा मावि र ३७ आधारभूत विद्यालय सञ्चालनमा रहेका र ती शिक्षण संस्थामा चार हजार ५५ जना विद्यार्थी रहेको गाउँपालिकाका शिक्षा शाखाप्रमुख राजकुमार खड्काले जानकारी दिए ।

उता जिल्लाको सबैभन्दा ठूलो (पन्ध्रवटा वडा रहेको) दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले भने सामुदायिक विद्यालयको शैक्षिकस्तर सुधार गर्न कार्यदल गठन गरेर काम गरिरहेको छ । दोस्रो ठूलो स्थानीय तह हलेसी तुवाचुङ नगरपालिकाले सबै सामुदायिक विद्यालयको वार्षिक परीक्षा नगरपालिकाले लिने गरेको छ । केपिलासगढी गाउँपालिकाले कक्षा ५ सम्मका विद्यार्थीलाई गाउँपालिकाका तर्फबाट निःशुल्क अभ्यास पुस्तिका उपलब्ध गराएर गृहकार्य परीक्षण सुरु गरेको छ । यस विषयमा जिल्लाका अन्य स्थानीय तहले भने कुनै नयाँ नीति लिएका छैनन् ।

# कोशी प्रदेशमा भयावह सडक दुर्घटना

**धरान, चैत २०।** उदयपुरको बेलका नगरपालिका–७ मैनामैनीमा यही चैत १ गते को १ ज २५९३ नम्बरको जीप दुर्घटनामा पर्‍यो ।१७ जना यात्रु लिएर भोजपुरतर्फ जाँदै गरेको जीप कच्ची बाटोबाट चार सय मिटर तल खस्दा चालकसहित सातजनाको घटनास्थलमै ज्यान गयो भने एक जनाको उपचारका क्रममा अस्पतालमा ज्यान गयो । मैनामैनी दुर्घटनामा घाइते भएका नौ जनामध्ये केहीको अहिले पनि उपचार भइरहेको छ ।

सोही दिन धरानबाट बराहक्षेत्रको चक्रघटी जाँदै गरेको बा२ ख २००० नम्बरको बस तीन ढ्वाङ्गे भन्ने ठाउँमा सडक नजिकैको रुखमा ठोक्किए दुर्घटनामा पर्‍यो । घटनामा कसैको ज्यान नगए पनि करिब १२ यात्रु घाइते भए । गम्भीर घाइतेलाई बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुर्‍याएर उपचार गरियो ।

मैनामैनी र तीन ढ्वाङ्गेमा दुर्घटना हुनुभन्दा केही दिनअघि मदन भण्डारी राजमार्गअन्तर्गत उदयपुरको त्रियुगा नगरपालिका-७ मा पश्चिमबाट पूर्व जाँदै गरेको स १ ख ८१६ नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको प्१-०१-०१६ प ४६७ नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालक सूर्योदय नगरपालिका-३ इलामका २४ वर्षीय प्रगति राईको मृत्यु भयो । पछिल्लो समय कोशी प्रदेशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनाका केही उदाहरण मात्र हुन् यी । प्रदेशका विभिन्न जिल्लामा हरेक दिनजसो यस्ता दुर्घटना भइरहेका छन् । यस्ता दुर्घटनामा परेर वर्षेनि सयौंले ज्यान गुमाइरहेका छन् ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको तथ्याङ्क अध्ययन गर्ने हो भने कोशी प्रदेशमा सवारी दुर्घटनामा परेर दैनिक एक जनाभन्दा बढीको ज्यान गइरहेको छ । चालू आर्थिक वर्ष २०८०/०८१ को फागुन मसान्तसम्म आठ महिनाको तथ्याङ्क अनुसार पुरुष २०६, महिला ४० र बालबालिका १६ सहित दुई सय ६२ जनाको ज्यान गइसकेको छ । यो तथ्याङ्कलाई विश्लेषण गर्दा सरदर मासिक ३३ जना अर्थात दिनमा एक जनाभन्दा बढीको मृत्यु भएको छ ।

चालू आवको फागुनसम्ममा जम्मा दुई हजार एक सय ४२ वटा अर्थात दैनिक सरदर नौ वटा दुर्घटना भएको ट्राफिक प्रहरीको तथ्याङ्क छ । ती दुर्घटनामा पाँच सय ५८ जना गम्भीर घाइते र तीन हजार ३५ जना साधारण घाइते भएका थिए । अघिल्ला आवहरुको अवस्था पनि उस्तै छ । अघिल्लो आव २०७९/०८० मा प्रदेशभर तीन हजार पाँच सय १० वटा अर्थात दैनिक १० वटाको हाराहारीमा दुर्घटना भएका थिए । ती दुर्घटनामा परेर एक सय १९ पुरुष, ६८ महिला र २५ बालबालिका गरी जम्मा चार सय १४ जनाले ज्यान गुमाएका थिए भने गम्भीर घाइते आठ सय १० र साधारण घाइते हुनेको संख्या चार हजार सात सय ९७ थियो ।

आव २०७८/०७९ मा तीन हजार आठ सय २० दुर्घटनामा जम्मा पाँच सय ३१ जनाको मृत्यु भएको थियो । त्यस वर्ष एक हजार दुई सय तीनजना गम्भीर र पाँच हजार चार सय ४५ जना साधारण घाइते भएका थिए । त्यस्तै, आव २०७७/०७८ मा तीन हजार एक सय ३१ वटा दुर्घटनामा परी चार सय ४४ जनाको मृत्यु भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको तथ्याङ्कमा उल्लेख छ । त्यस वर्ष एक हजार ८३ गम्भीर र तीन हजार सात सय ९३ जना साधारण घाइते भएका थिए ।

सवारी दुर्घटनाका विविध कारणमध्ये प्रमुख कारण मानवीय लापरबाही नै रहेको विभिन्न अध्ययनहरुले देखाएका छन् । ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको अध्ययन अनुसार कोशी प्रदेशमा भएका दुर्घटनामध्ये ५३ प्रतिशत तीव्र गतिका कारण दुर्घटना भएको देखिएको छ । त्यस्तै चालकको लापरबाहीले १६ प्रतिशत, सडक प्रयोगकर्ताको असावधानीले १२ प्रतिशत, मादकपदार्थ सेवनका कारण १० प्रतिशत, लाइसेन्स बिनाका चालकले चलाएका सात प्रतिशत रहेको पाइन्छ ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका प्रमुख प्रहरी उपरीक्षक सरोज पौडेल पहाडी क्षेत्रमा लगातार भइरहेका दुर्घटनाको अध्ययन गर्दा गाउँपालिकाहरुले जथाभावी सडक खन्ने प्रवृत्ति पनि जिम्मेवार देखिएको बताउँछन् । उनी भन्छन् - पहाडी क्षेत्रमा स्थानीयवासीले सडक माग गर्छन् तर स्थानीय तहहरुले कस्तो ठाउँमा कस्तो सडक निर्माण गर्ने भनेर अध्ययन नगरी जथाभावी सडक खन्ने गरेको पाइन्छ । ती सडकका कस्ता गाडी चलिरहेका छन् भनेर नियन्त्रण गर्ने संयन्त्र पनि छैन ।

प्रहरी उपरीक्षक पौडेल सडकमा सवारी चालकको प्रतिस्पर्धाको भावनाले पनि दुर्घटना बढिरहेको बताए । माघ, फागुन जस्ता धेरै विवाह हुने महिनामा धेरै दुर्घटना हुने गरेको पाइएको उनको भनाइ छ । विवाहमा क्षमताभन्दा बढी मान्छे चढाउने प्रवृत्ति बढिरहेका कारण पनि दुर्घटनाको जोखिम बढेको उनको भनाइ छ । उनी भन्छन् - दुर्घटना बढिरहनु चिन्ताको विषय हो । यसलाई शून्यमै झार्न त सकिँदैन तर सचेतना अपनाउने हो भने न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका केन्द्रीय अध्यक्ष भीमज्वाला राई सडक दुर्घटना बढ्नुमा चालकलाई मात्र दोष दिने प्रवृत्ति रहेको बताउँदै समग्रमा चालक मात्र नभई सडक प्रयोग गर्ने सबै जनाको त्रुटि रहेको दाबी गरे । भौतिक, मानवीय, यान्त्रिक र पर्यावरणीय गरी दुर्घटनाका प्रमुख चार कारण रहेको बताउँदै उनी भन्छन् - सडक सुरक्षा मापदण्ड अनुसार बनेका छैनन् । सडक निर्माणमा ढिलासुस्ती हुँदा पनि दुर्घटना बढेको छ । यी सबै कुरालाई ख्याल गर्नु आवश्यक छ । डेढ दशकदेखि नेपालमा ट्राफिक व्यवस्थापनका लागि अभियान सञ्चालन गर्दै आएका विष्णुकुमार राईले नेपालमा दुर्घटना बढिरहनुको प्रमुख कारण चालकहरुमा प्रशिक्षण र परीक्षणको कमी रहेको र लाइसेन्स दिने तरिका नै गलत भएको बताए ।

यातायात सञ्चालनको नियम संसारमा एउटै हुनुपर्छ तर नेपालमा चालकले गाडी नियन्त्रण गर्न सक्यो भने ठीक छ भनेर लाइसेन्स दिने चलन छ, त्यो गलत हो, विदेशमा लामो समय ट्राफिक व्यवस्थापनको अनुभव बटुलेका अभियन्ता राई भन्छन् - चालकलाई राजमार्गमा, बस्ती भएका ठाउँमा र भत्किएको सडकमा कसरी चलाउने भनेर छुट्टाछुट्टै प्रशिक्षण दिनुपर्छ अनि कसरी चलाउँछ भनेर राम्रो परीक्षण गर्नुपर्छ ।

Gof]Ls/0f ug{s]ug[<

सवारी दुर्घटनाका कारणहरुमा चालकको लापरबाही, मादकपदार्थ सेवनजस्ता सदाबहार कारणसँगै केही मौसमी कारण पनि देखिन्छन् । विवाहको मौसममा हुने लापरबाही, हुस्सु लाग्ने महिनामा अगाडिको गाडी नदेख्दा ठोक्किने घटना पनि हुने गरेका छन् । यसको न्यूनीकरणका लागि नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गरेको छ ।

मादकपदार्थ सेवन र लागूऔषध सेवन परीक्षण गर्ने काम पनि गरिरहेको प्रहरी उपरीक्षक पौडेल बताउँछन् । उनी भन्छन् - लापसे (लागूपदार्थ सेवन) परीक्षण गर्न किट महँगो छ । यसको परीक्षणको कानूनी मान्यता पनि प्राप्त नभएकाले समस्या छ । दुर्घटना न्यूनीकरण गर्न आवश्यक प्रयास गरिरहेका छौं ।

नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका केन्द्रीय अध्यक्ष भीमज्वालाले सडक दुर्घटनामा मानवीय त्रुटि कम गर्न स्कूलदेखि कलेजसम्म सडक दुर्घटना सम्बन्धी पाठ्यक्रम बनाएर पठनपाठन गराउनुपर्ने बताए । ट्राफिक प्रहरीको ध्यान राजस्व सङ्कलनमा मात्र गएको तर सचेतनामा कम रहेको बताउँदै उनी भन्छन् - हामीले आफ्नो तर्फबाट यातायात मजदुरलाई दुर्घटना न्यूनीकरणका लागि संवेदनशील बन्न सचेत गराउँदै आएका छौं । सबै क्षेत्रबाट न्यूनीकरणको पहल हुन जरुरी छ । दुर्घटना न्यूनीकरणका लागि राज्यले विशेष संयन्त्र बनाउनु आवश्यक छ ।

## पूजाको फ्लपमा ह्याट्रिक



फिल्मको सफलता र असफलता दुवै कलाकारको हातमा हुँदैन । तर, यसले करिअरमा भने ठूलो अर्थ राख्छ । फिल्म सफल हुँदा करिअर सन्तुलित रहन्छ । फ्लपले संकटको अवस्थामा पुर्‍याउँछ । यसैले हरेक कलाकार फिल्मको सफलता नै चाहन्छन् । यसको अझ बढी दबाब 'स्टार' मानिएका कलाकारलाई हुन्छ । किनकि, फिल्म फ्लप हुँदा सीधै उनीहरुको स्टारडममाथि प्रश्न उठाइन्छ ।

पूजा शर्मा पनि 'स्टार' अभिनेत्रीमा गनिन्छिन् । 'प्रेमगीत'पछिका केही फिल्ममा उनको स्टारडम देखिएको थियो । तर, गएको दुई वर्षमा उनले फ्लपमा ह्याट्रिक गरिसकेकी छन् । यो उनका लागि चिन्ताको विषय हो । गत वर्ष उनका दुई फिल्म 'सम्झना विर्सना' र 'सम्हालिन्छ कहिले मन' प्रदर्शनमा आएका थिए । तर, यी दुईवटै फिल्मले उनलाई तिरेको पारिश्रमिक समेत उठाउन सकेनन् ।

यस वर्षका लागि पूजा अभिनीत फिल्म 'उपहार' गत फागुनमा प्रदर्शन भयो । फिल्ममा बलियो 'स्टारकास्ट' भएकाले उनलाई ठूलो आशा थियो । तर, यसले पनि उनको फ्लप श्रृंखला रोक्न सकेन । योसँगै दुई वर्षमा उनको फ्लपमा ह्याट्रिक भएको छ । र, तीनवटै फिल्ममा उनको भूमिका र अभिनय प्रभावशाली देखिएको थिएन । जसले गर्दा तीनै फिल्म उनका लागि विर्सनलायक बनेका छन् ।

अब उनको प्रतिक्षा भनेको फिल्म 'दाम्भी'लाई लिएर छ । चरित्रचित्रणको हिसाबले यो उनको करिअरकै लागि महत्त्वपूर्ण छ । उनी पहिलोपटक एक्सन भूमिकामा देखिँदैछिन् । यो फिल्म उनकै काँधमा भएकाले व्यवसायिक दबाब ठूलो छ । फ्लप श्रृंखला रोक्न र 'स्टार'को दौडमा आफूलाई कायम राख्न पूजालाई यसको सफलता जरुरी छ । एकहिसाबले यो उनको स्टारडमको परीक्षा हुनेछ ।

## झापाको बाह्रदशीमा मोटरसाइकल चोरी

**झापा, चैत २०।** बाह्रदशी-२मा एउटै टोलबाट सोमवार राति मोटरसाइकलसहित पाँच थान मोवाइल चोरी भएका छन् ।

वाह्रदशी-२स्थित रिमाल चोकबाट ध्रुव निरौलाको घरबाट मे ९ प ८१४ नम्बरको सुपर स्प्लेन्डर मोटरसाइकल र एउटा मोबाइल चोरी भएको हो । निरौलाको घरमा पाहुना आएका पूजन मिश्रको मोटरसाइकल र मोबाइल चोरी भएको हो ।

त्यस्तै निरौलाका छिमेकी गणेश पाण्डे तथा सविता बानियाको घरबाट दुई-दुई वटा मोबाइल चोरी भएको बाह्रदशी-३का जनप्रतिनिधि लक्ष्मी निरौला अधिकारीले बताइन् । उनका अनुसार घटनाबारे इलाका प्रहरी कार्यालय राजगढमा जानकारी गराइएको छ ।

### जागिरको ...

कम्प्युटरमा डाउनलोड गरेर त्यसलाई एक्ट्रयाक्ट गरी स्यान्डबक्स (त्यस्तो एप्लिकेसन जसले अस्थायी रूपमा कुनै पनि प्रोग्राम रन गर्छ, त्यसलाई क्लोज गरेपछि त्यसमा गरिएका सबै काम र फाइल हट्छन्) मा शो प्रोग्राम परीक्षण गरे ।

यो फाइल डाउनलोड गरेर एक्स्ट्रयाक्ट गर्ने बित्तिकै कोड रन हुने रहेछ - सुवासले भने-मलाई शँका लागेर मैले नेटवर्क अन नगरी स्यान्डबक्स बनाएर त्यसैमा ओपन गरेँ । परीक्षण गर्दा यसले ब्राउजरमा सेभ भएको पासवर्ड लिने र कनेक्ट आईपीएस तथा जिमेलमा पहुँच पाएर रकम ट्रान्सफर गर्ने गरेको फेला पारे ।

माथि उल्लेख भएका पात्र रोमनको ब्राउजरमा बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित अकाउण्टका पासवर्ड सेभ नभएकाले उनको अकाउन्ट बचेको थियो । तर, मिलनको प्रायः अकाउण्टको पासवर्ड ब्राउजरमा सेभ भएकाले ह्याकरले उनको कनेक्ट आइपीएसमा पहुँच पाएर रकम ट्रान्फर गरेको सुवासको भनाइ छ । उनी अगाडि भन्छन्- ब्राउजरमा सेभ भएको कनेक्ट आईपीएसको विवरण पाएपछि त्यसको ओटीपी जिमेलमा जाने भएकाले यी दुवै अकाउन्ट टार्गेटमा पारेको देखिन्छ । त्यस्तै यो डट ब्याट फाइल एकपटक रन भएपछि फेरि कमान्ड ओपन गर्न नसकिने उनी सुनाउँछन् । फेरि कमान्ड ओपन गर्न टास्क मेनेजरमा गएर म्यानुअल्ली टास्क किल गर्नुपर्छ- उनी थप्छन् -यस्तो कुरा सर्वसाधारणलाई थाहा नहुने हुँदा उनीहरू समस्यामा पर्छन् ।

उनले यसरी स्क्यामरले सर्वसाधारणलाई झुक्काउने गरेको थाहा पाएपछि पेजमा कमेन्ट गर्ने अधिकांशलाई मेसेज पठाएर उनीहरूले पठाएको लिङ्क नखोल्न अनुरोध गरे । केहीले उनको मेसेज हेरे पनि अधिकांशले मेसेज वास्तै नगरेको उनी सुनाउँछन् । भन्छन्- यसरी राम्रो जागिरको प्रलोभन देखाएर डाटा र प्रडक्ट इन्ट्री गर्ने भनेर पासवर्ड चोरी गरेर रकम निकाल्ने काम भइरहेको छ । सामाजिक सञ्जालमा देखिएका यस्ता विज्ञापनको भर पर्दा मान्छेको भएको पैसा पनि गुमेको छ ।

विशेषगरी बिना कुनै लगानी राम्रै तलब हुने प्रलोभन देखाएपछि जोकोहीले फाइल डाउनलोड गर्न सक्ने सम्भावना भएको उनको भनाइ छ । कतिपयले कोड रन गरिसकेपछि त्यसलाई बेवास्ता गर्दा उनीहरूको संवेदनशील विवरण पनि गुम्छ । त्यसैले सबै यस्ता स्क्यामबाट सचेत हुनुपर्छ ।

### सहारा ...

कार्यक्रममा विभिन्न जातजातिको पहिचान झल्कने झाँकी प्रदर्शन गरिएको थियो । कार्यक्रम अघि झापाका विभिन्न स्थानमा सञ्चालित सहकारीका प्रतिनिधिहरुले प्रभातफेरिको आयोजना गरेका थिए । कार्यक्रम अघि बिर्तामोडको उत्तरतर्फ महानन्द चौक, पश्चिमतर्फ भगवान चौक, दक्षिणतर्फ बिर्तावजार र पूर्वतर्फ बसपार्क क्षेत्रबाट विभिन्न २९ वटा नारासहितको प्लेकार्ड र झाँकीसहितको र्‍याली आयोजना गरिएको थियो ।

### युके ...

महानगरपालिका- ६ लेकसाईड बस्ने ३८ वर्षीया नन्ददेवी पुन रहेका छन् ।

पक्राउ परेकामध्ये केदारले युके पठाइदिन्छु भन्दै ३५ जना पीडितहरूबाट ६ करोड रूपैयाँ ठगी गरेको, जीवराजले फ्रान्स पठाई दिन्छु भन्दै एक जनाबाट ११ लाख ६५ हजार रूपैयाँ ठगी गरेको र नन्ददेवीले युके पठाइदिन्छु भन्दै एक जनाबाट ७ लाख ६७ हजार रूपैयाँ ठगी गरेको खुल्न आएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले केदारलाई काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-७ बाट, जीवराजलाई काठमाडौं नयाँ बसपार्कबाट र नन्ददेवीलाई पोखरा लेकसाईडबाट पक्राउ गरेको हो ।

उनीहरूलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

फ्ल्याट भाडामा

बिर्तामोड बाल्मीकि स्कूल नजिकै फ्ल्याट भाडामा छ ।

सम्पर्क :- ९८४४६८५६०५, ९८२३७२६९७९

छपाईका लागि हामीलाई सम्झनुहोस

नयाँ वर्षका क्यालेण्डर तथा स्कूलका डायरी छपाई गर्नु परेमा घिमिरे अफसेट प्रेसलाई सम्झनुहोस ।

७ बार १२ महिना सञ्चालनमा

घिमिरे अफसेट प्रेस

अतिथिसदन उत्तरपट्टिको घर

९७४६८७९७०२/९८४२६२५३५३/९८१४०३६३४४




श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल
सम्पादकीय

## सडक दुर्घटना न्यूनीकरणमा राज्यको भूमिका प्रमुख

**नेपालमा भयावह रूपमा सडक दुर्घटना बढ्दै गएको छ । विगत एक महिनाभित्र सडक दुर्घटनामा परी २० जनाभन्दा बढीको ज्यान गएको छ भने करोडौं रुपैयाँको क्षति भएको छ । परिवारका प्रियजनको अल्पायुमै, अकालमा विभत्स मृत्यु हुनु भनेको परिवारमाथिको बज्रपात हो भने राष्ट्रको ठूलो क्षति हो । सडक तथा पुलबाट बाहिर खाँच, नदीमा खस्ने, गाडी जुध्ने, अनियन्त्रित भई गाडी पल्टने, सडकयात्री सडक पार गर्दा गाडीले ठक्कर दिने लगायतले सडक दुर्घटना बढिरहेका छन् । सबै हतारमा हुन्छन् । कोही पर्खन चाहँदैन । यही नपर्खने जिताहा मनोवृत्तिका कारण सडक दुर्घटना हुने गरेको छ । हरेक दिन सडक दुर्घटनामा कसै न कसैले ज्यान गुमाइरहेकै छ ।**

**सडक यातायातका साधनको दुर्घटनामा दैनिक सात जनाले ज्यान गुमाउने गरेको सरकारी तथ्याङ्क छ । दुर्घटनाले ज्यानमात्रै लिँदैन, घाइते बनाएर जीवनभर कामै गर्न नसक्ने पनि बनाउँछ । दुर्घटना व्यहोर्नु परेको परिवारलाई थाहा हुन्छ यसको मानसिक आघात कति भयङ्कर र पीडादायी हुन्छ । सडक दुर्घटना प्रमुख कारण सडकको दुर्दशा पनि हो । नेपालमा जति पनि सडक छन्, गतिलो छैनन् । एक त कालोपत्रे गरेको सडक कम छ, त्यही कालोपत्रेको पनि राम्रो स्तर छैन । भत्कनु, बिग्रनु, बेलामा मर्मत नहुनु र सडकमै आहाल जम्नु सामान्य जस्तै छ नेपालमा । चालकको कमजोरी र लापरबाहीका कारणले दुर्घटना बढिरहेको छ । सडक यातायात गुडाउने शैली र संस्कारको पनि उत्तिकै कमी नेपालीमा छ । एक त सार्वजनिक यातायातका साधन हाँक्ने चालकमध्ये धेरैमा शैक्षिक योग्यताको कमी छ । चेतनाको अभाव छ । अस्वस्थ प्रतिस्पर्धाले गर्दा अस्वस्थ हँकाइले पनि दुर्घटना निम्तिरहेको छ । जहिले पनि सुनिने र दुर्घटना हुने बित्तिकै हरेक मानिसको मनमा उठ्ने भनेको चालकले मादकपदार्थ सेवन गरेका कारणले दुर्घटना भएको हो भन्ने छ । यसमा सत्यता पनि हुन्छ । यो कारण पनि सडक दुर्घटनासँग जोडिने साँचो हो ।**

**राज्यले सडक सुरक्षाको कुनै कार्यक्रम बनाउँदैन । सरकार केवल सडक यति निर्माण गर्यौं र दुर्घटनामा यति मरे र यति अस्पताल भर्ना मात्र सुनाउँछ, तर त्यसको स्तर र त्यहाँ यातायात सञ्चालन र नियमन तथा कारणका बारेमा कुनै ख्याल गर्दैन । सडक यातायात दुर्घटनाको भयावहता हेर्दा सरकार संवेदनशील हुनै पर्नेछ । सडक सुरक्षाको देशव्यापी अभियान चलाउन जरुरी छ । सडक पूर्वाधारहरूलाई सुरक्षित बनाउन सकिएन भने दुर्घटना कम हुँदैन । राज्यले प्रभावकारी योजना बनाएर कडाइ साथ लागू नगर्ने हो भने नागरिकले अकालमा ज्यान गुमाइरहनुपर्छ । ट्राफिक नियमको पालना नेपालमा निकै फितलो छ । अतिले खति गर्छ भने भैं युवा उमेरका चालकमा अहम् देखिन्छ । युवामा अति आत्मविश्वास र पेलाहा प्रवृत्तिका कारणले बढ्दै गएकाले चालकलाई ट्राफिक शिक्षा दिन र कडा कानून पालना गराउन राज्य पक्ष जिम्मेवार रुपमा लाग्नुपर्छ ।**

# कागजमा लैङ्गिक समानता, व्यवहारमा असमानता



अमृता अनमोल

नेपालको संविधानले महिला, पुरुष वा अन्य लिङ्गी भएकै कारण फरक व्यवहार हुन नहुने वा असमान व्यवहार गर्न नहुने प्रष्ट पारेको छ । पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसंख्यकप्रतिको समान अवसर, व्यवहार र अधिकारको उपभोग हो लैङ्गिक समानता । समाजका हरेक व्यक्तिलाई सम्मानित र सुरक्षित बनाउन लैङ्गिक समानता आवश्यक छ । व्यक्तिले आत्मसम्मान महशुस गर्न शरीर, सम्पत्ति र शक्तिमा आफ्नो नियन्त्रण हुनुपर्छ । तर, महिलाका यी तीनै चिज बाँधिएका छन् । उनीहरु प्रति व्यक्ति, समाज र राष्ट्रले गर्ने पूर्वाग्रही सोचमा परिवर्तन नल्याउँदासम्म लैङ्गिक समानता संविधान र ऐन कानूनमा मात्रै हुँदोरहेछ । जुन नेपाली समाजमा देखिएको छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क हेर्ने हो भने महिलाको जनसंख्या पुरुषको भन्दा छ लाख ५७ हजार छ सय ७६ बढी छ । कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ हुँदा महिला ५१.०४ प्रतिशत छन् भने पुरुष ४८.९६ प्रतिशत । महिलाको जनसंख्या बढ्दै मात्र छैन पति, बाबु, ससुरा, दाइभाइ विदेश पठाएर घर सम्हाल्ने पनि धेरै महिला बनेका छन् । यो राम्रो कुरा हो । तर, जनगणनाकै तथ्याङ्कले विदेश बस्ने जनसंख्या २१ लाख ९० हजार पाँच सय ९२ देखाएको छ । यसमा पुरुषको हिस्सा ८१.२८ प्रतिशत छ भने महिला जम्मा १८.७२ प्रतिशत छन् ।

पुरुषलाई वैदेशिक रोजगारीमा पठाएर घर सम्हाल्ने हुने वा आफैँ कमाउने महिला बढ्दै गए पनि घरमूली बन्ने र सम्पत्तिको मालिक बन्ने महिला भने बढेका छैनन् । असमान शक्ति सन्तुलनले संरक्षणको भूमिका निभाए पनि महिलालाई मालिक बनाएको छैन । मालिक नबन्दा आफू अनुकूल सम्पत्ति उपभोग गर्न र अधिकार प्रयोग गर्न पाएका छैनन् । यसले महिला माथिको असमान व्यवहार र थिचोमिचो हटेको छैन ।

जनगणनाकै अर्को तथ्याङ्कले सम्पत्तिमा महिला कसरी बञ्चित छन् प्रष्ट पार्छ । तथ्याङ्क अनुसार नेपालमा २.३ प्रतिशत महिलाको मात्रै घरमा स्वामित्व छ । सम्पत्तिमा स्वामित्व हुने महिला जम्मा ९.७ प्रतिशत छन् । घरजग्गा मध्ये केहीमा अर्थात् सम्पत्तिमा स्वामित्व हुने महिला १.८ प्रतिशत छन्, ७४.६ प्रतिशत महिलाको घरजग्गा केहीमा पनि स्वामित्व छैन । महिलाकै जिम्मामा घरपरिवार चले पनि महिला घरमूली बन्न अझै सकेका छैन् । नेपालका ३१.५ प्रतिशत महिला मात्रै घरमूली बन्न सकेका छन् । अर्थात घर-घरमा अझै पनि पितृसत्ता छ । घरपरिवार सम्हाल्ने महिला तर घरमूली बन्ने चाहिँ पुरुष । यसले महिला माथि आफ्नै परिवारले भर नगरेको र लैङ्गिक असमानता एवम् विभेदलाई उदाङ्गो बनाएको छ ।

नेपालको संविधानले महिलालाई आफ्नो शरीर आफ्नो अधिकारको सुनिश्चित गरेको छ । अर्थात् पहिलोपटक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हक दिएको छ । यसले महिला गर्भवती हुने वा नहुने रोज्न पाउनेदेखि राज्यबाट सुरक्षित मातृत्व सेवा पाउनु पर्ने अधिकारलाई समेट्छ । विवाह गर्ने वा नगर्ने, कहिले गर्ने, को सँग गर्ने, सन्तान जन्माउने वा नजन्माउने कति जन्माउने र कहिले जन्माउने भन्ने अधिकार महिलाले निर्णय गर्न पाउँछिन् । सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन सुरक्षित मातृत्व तथा प्रजनन् अधिकार ऐन २०७५ लागू गरिएको छ । तर, अहिले पनि बाबुआमाले रोजेको केटासँग विवाह नगर्दा परिवार त्याग्नु परेका र सन्तान नजन्माउँदा पतिले छोड्ने गरेका थुप्रै घटना छन् । विवाहदेखि सन्तान जन्माउने बेलासम्म आइपुग्दा महिलामाथि थुप्रै विभेद् र हिंसा भएका छन् ।

अझै पनि धेरै महिला कम उमेरमा विवाह गर्न बाध्य छन् । जनगणनाको तथ्याङ्कमा बिहेवारी २० पारी भनेपनि पहिलो विवाह गर्दाको औसत उमेर महिलाको १८ छ भने पुरुषको २१ छ । बिहे भएका मध्ये ४५ हजार ७७३ अर्थात् ०.५ प्रतिशत महिलाले १० वर्ष पनि नपुग्दै विहे गरेका छन् । नेपाली समाज अझै पनि छोरा जन्माउन लालायित छ । यसले छोरा र छोरीबीच गर्भदेखि नै विभेद् छ । छोरी भए जन्म नै नदिए परिपाटी बढेको छ । प्रजनन् योग्य महिलाले जन्माएका एक करोड २७ लाख नौ हजार नौ सय ६९ सन्तानमा छोरीको संख्या जम्मा ४७.३ प्रतिशत छ । जबकि छोरा ५२.७ प्रतिशत छन् । भर्खर जन्मिएका सन्तानमा छोरीको संख्या करिब पाँच प्रतिशतले कमी छ । यसले भविष्यमा ठूलो लैंगिक असमानता मात्रै होइन, सङ्कट निम्ताउनेवाला छ ।



लैङ्गिक समानताको अर्को सूचक हो शक्तिमा पहुँच र नियन्त्रण । यसमा पनि महिला कमजोर छन् । महिलाहरु दैनिक १८ घण्टासम्म काम गर्छन् । घरपरिवार हेर्ने र भान्सा सम्हाल्ने काम महिलामाथि छ । तर, यसलाई काम मानिन्न । पारिश्रमिक पनि दिइदैन । महिलाहरु आर्थिक उपार्जनका काममा कम सहभागी छन् । तथ्यांक अनुसार देशका ४२.९ प्रतिशत महिलाले आर्थिक उपार्जनको काम गर्दैनन् । यस्तो संख्या पुरुषको ३१.६ प्रतिशत छ । आर्थिक उपार्जनका काम गरी हाले पनि धेरै महिलाले परम्परागत काम गरेका पाइन्छन् । जस्तो कि आर्थिक काममा संलग्न महिलामध्ये ५६.९ प्रतिशत महिला कृषि मजदुरीको काम गर्छन् । २६.९ प्रतिशत अन्य पारिश्रमिकका काम गर्छन् । प्राविधिक तह, डाक्टर इञ्जीनियर जस्ता विशेषज्ञता भएका काममा महिला संलग्नता असाध्यै कम छ । सेवामूलक र कम आर्थिक उपार्जनका काम गर्दा महिलाको आर्थिक पहुँच कमजोर छ । राजनीतिमा निर्णायक तहमा नहुँदा शक्ति र नियन्त्रण पनि पुरुषको हातमा छ ।

लैङ्गिक असमानता हुनु भनेको महिला, पुरुष र अन्य लिङ्गी भएकै कारण असमान र भेद्भावपूर्ण व्यवहार हुनु हो । व्यक्तिलाई आफ्नो कस्तो व्यवहारले लैङ्गिक असमानता र हिंसा भएको छ भन्ने ज्ञान नहुनु पनि हो । ज्ञान भएकाले पनि व्यवहारमा ढाल्न प्रतिबद्ध नपारिनु हो । लैङ्गिक असमानताले पुरुषलाई आर्थिक काम गर्नैपर्ने बोझ थपेको छ । महिलामाथि शरीरदेखि स्वतन्त्र बाँच्न पाउने अधिकार खोसेको छ । लैङ्गिक हिंसा थोपरेको छ । कुनै व्यक्ति महिला, पुरुष वा अन्य यौनिक पहिचान भएकै कारण गरिने हिंसा लैङ्गिक हिंसा हो । असमान शक्ति सन्तुलनका कारण लैङ्गिक हिंसा महिला माथि धेरै छ । समाजमा महिला, पुरुष र अन्य यौनिक पहिचान भएकै नाताले उनीहरुले सम्पादन गर्नुपर्ने भूमिका, जिम्मेवारी, काम, कर्तव्य निर्धारण हुन्छ । यही कारण लैङ्गिक असमानता र हिंसा भइरहेको हो ।

नेपाल प्रहरीको तथ्याङ्क अनुसार हरेक चार महिलामध्ये एक जनाले कुनै न कुनै लैंगिक हिंसा भोगेका छन् । बालविवाह, बहुविवाह, दाइजो, छाउपडी जस्ता हानिकारक प्रथा र जबर्जस्ती करणी, बेचबिखन, गर्भपतन जस्ता महिलालाई वस्तुका रुपमा प्रयोग गर्न खोज्ने मानसिकता लैङ्गिक हिंसाका कारक तत्त्व हुन् । गर्भमा छोरी भएको थाहा पाउँदा भ्रुण हत्या गर्ने प्रचलन अझै छ । धर्मका आडमा महिलामाथि गरिने विभेद् उस्तै छ । पितृसत्ताका कारण राजनीति, रोजगार, ज्याला, प्रजनन्, कार्यस्थलमा दिने जिम्मेवारी, बजेट तथा कार्यक्रममा लैङ्गिक विभेद् छ । तिनै विभेद्ले पनि हिंसा जन्मिएको छ । धेरैले रुढीवादी संस्कार मान्दा तर लैङ्गिक संवेदनशीलता नबुझ्दा हिंसा गरेको देखिन्छ ।

स्वस्थ र समतामूलक समाज निर्माण गर्न लैङ्गिक समानता आवश्यक छ । त्यसका लागि लैङ्गिक संवेदनशीलता बुझ्नैपर्ने हुन्छ । समान भन्दैमा सबैलाई उस्तै अवसर र उपयोगिता नहुन सक्छ । त्यसका लागि समतामूलक व्यवहार चाहिन्छ । पुरुष, महिला र यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि गर्नुपर्ने थुप्रै फरकखाले विषय हुन्छन् । त्यस्ता विषयमा राज्यले संवोधन गरिदिनुपर्छ । फरक लिङ्गीका फरक आवश्यकता बुझ्न र अहिलेसम्मको धारणा फेर्न बोलिदेखि व्यवहार, नीतिदेखि कार्यक्रमसम्म लैङ्गिक संवेदनशीलता चाहिन्छ । लैङ्गिक संवेदनशीलताले मात्रै लैङ्गिकताका आधारमा हुने सबै प्रकारका हिंसा विभेद् कुरीति अन्धविश्वास अपराध बहिष्करण र बञ्चितीकरणलाई अन्त्य गर्दै महिला र पुरुषबीच हुने गरेका सबै किसिमका विभेद् र असमानता हटाउन सकिन्छ । बालबालिका, किशोर, वयस्क, वृद्धा महिला र सबै लिङ्गका व्यक्तिलाई बिना भेदभाव सम्मानित जीवनयापन गर्न सक्षम तुल्याउन सकिन्छ ।

सङ्घीयता कार्यान्वयनसँगै देशमा सात प्रदेश सरकार छन् । तिनमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित कम्तीमा सातदेखि १५ मन्त्रालय छन् । त्यस मातहतका महाशाखा र एक दर्जनभन्दा बढी निर्देशनालय छन् । जिल्ला तहमा विषयगत डिभिजन कार्यालय खोलिएका छन् । तर, जनसंख्यामा करिब ५१ प्रतिशत महिलालाई सम्बोधन गर्न कुनै संरचना छैन । मन्त्रालय, महाशाखा, निर्देशनालय, डिभिजन कार्यालय कतै पनि महिलाको छुट्टै संरचना छैन । प्रदेश संरचना बनाउँदा महिलाको आवश्यकता, मूल्याङ्कन र भूमिका बिर्सिइएको छ । सङ्घीयतामा महिला खोलो तर्यो लौरो बिर्स्यो भने जस्तै भएको छ । लैङ्गिक समानता, महिला सशक्तिकरण बढाउन लैङ्गिकताका आधारमा हुने हिंसा घटाउन र तिनमा पैरवी गर्न छुट्टै संरचना बन्नुपर्छ । बल्ल लैङ्गिक समानता कायम राख्न र महिला अधिकारको उपलब्धि संस्थागत गर्न सहज हुनेछ ।

राजनीतिक नेतृत्व तहमा लैङ्गिक वा महिला संरचना महिलाका लागि मात्रै हो भन्ने गलत बुझाइ छ । महिला वा अन्य लिङ्गीको अधिकार खोज्नु पुरुषको अधिकार घटाउने हो भन्ने गलत धारणा छ । लैङ्गिक समानता खोज्नु पुरुषलाई असमान व्यवहार गर्नु होइन । पुरुषको अधिकार खोस्नु पनि होइन । बरु पुरुषको स्थानमा महिला र अन्य लिङ्गीलाई पनि पुऱ्याउनु हो । फरक लिङ्गीका फरक पहिचान, आवश्यकता र समस्या हुन्छन् त्यसलाई बुझ्नु हो । लैङ्गिक संवेदनशीलता सबैले बुझ्न जरुरी छ । लैङ्गिक समानताका लागि महिला मात्रै होइन पुरुष पनि बोल्न र जुट्न आवश्यक छ ।

# अदूर दृष्टि दोष : भविष्यको जटिल समस्या

दृष्टि विशेषज्ञ कोशी प्रदेशका विशेषज्ञले अदूर दृष्टि नियन्त्रणतर्फ ध्यान नदिए भविष्यमा जटिल समस्या आउन सक्ने बताएका छन् ।

करिब एक सय ८० जना दृष्टि विशेषज्ञ विराटनगरमा भेला भएर वैधानिक तथ्य प्रस्तुतीकरण कार्यक्रममा नौ जना वक्ताले आ-आफ्नो वैधानिक तथ्य तथा सोधको प्रस्तुतीकरण गरेका थिए ।


कार्यक्रममा बिराट आँखा अस्पतालका मेडिकल डाईरेक्टर डा. अनादी खत्रीको अध्यक्षतामा भएको थियो । सञ्जिव मिश्रा, दृष्टि आँखा अस्पतालका वरिष्ठ दृष्टि विशेषज्ञ अजितकुमार ठाकुर लगायतले बोलेका थिए ।

सन् २०२० मा लगभग २३% दर भएको अदूर दृष्टिको सन् २०५० मा लगभग २४ जनामा एक जनालाई हुने (५०%) प्रयोपथको तथ्यांक पेश गर्दै दृष्टि आँखा अस्पतालका वरिष्ठ दृष्टि विशेषज्ञ ठाकुरले यो समस्याका विषयमा गम्भिर बन्नु पर्ने बताए । गोल्छा आँखा अस्पतालका वरिष्ठ दृष्टि विशेषज्ञ सरबिन्दकुमार यादवले बाचाको जनपानले पनि अदूर दृष्टि बढ्न सक्ने बताए । चिल्लो पनाले अदूर दृष्टि बढाउने, घरमा बस्ने बाहिर नखेल्ने बच्चामा पनि अपुर दृष्टि बढ्दै जाने खतरा बढी हुने उल्लेख गरे ।

त्यस्तै मेची आँखा अस्पतालका वरिष्ठ दृष्टि विशेषज्ञ अमितकुमार सिंहले अर्थी (K-Ortho-K) Lens अदूर दृष्टि बढ्न रोक्ने प्रमूख उपाय भएको बताए । राति लगाएर सुत्ने र दिन गरी चश्मा नलगाई दृष्टि सफा हुने र यसले अदूर दृष्टि नियन्त्रण पनि हुने तथ्याङ्क प्रस्तुत गर्दै यस प्रविधिमा कुनै ठूला जटिलता नभएको उनको भनाइ छ ।

दृष्टि आँखा अस्पतालको दृष्टि विशेषज्ञ रोमान्स चौधरीले अपुर दृष्टिमा आँखाका मांशपेसीहरुको पनि असन्तुलन हुनसक्ने र यसले आँखा चाँडै पाक्ने, टाउको दुख्ने तथा आँखा दुख्ने समस्याहरु आउने गरेको जिकिर गरे । रिफ्रेक्टीम सर्जरी पश्चात पनि यस्ता मांशपेसी जाँच गराएर समस्या देखिए तत्काल उपचार आवश्यक पर्ने चौधरीको भनाइ छ ।

कार्यक्रममा विराटनगर आँखा अस्पतालका आँखा रोग विशेषज्ञ डा.पवन श्रेष्ठले औषधीको प्रयोगबाट अदूर दृष्टि कम गर्ने सकिने बताए । उनले आफ्नो प्रस्तुति राख्दै नियमित रुपमा औषधीको प्रयोग गरिएमा यस्ता समस्याको निराकरण हुने उल्लेख गरे । त्यस्तै भिजन केयर डिभिजन नेपालबाट Zeiss Mark को प्रतिनिधिहरु अबीर चन्द्रा, जन्या चक्रवर्ती तथा अशेष आचार्यले अपुर दृष्टिलाई नियन्त्रण गर्न Zeiss sf] Myocare Lens निकै प्रभाकारी भएको तथ्याङ्क प्रस्तुत गरे ।



कार्यक्रममा बाल बालिकालाई चश्मा दिने, कस्तोमा नदिने धारणा पेश गर्दै ठाकुरले बच्चाहरुलाई सोही विधानमा निपूर्ण जनशक्तिले मात्र चश्मा दिनुपर्ने कुरामा जोड दिए । अदूर दृष्टि बिस्तारै बढुन सक्ने कारणहरुमा निरन्तरको मोबाइल प्रयोग तर भित्र बस्ने बानीहरु तथा अत्याधिक नजिकको काम गर्ने बानी पनि प्रमुख रहेको बताइएको छ । अदूर दृष्टि हुने आमा बुवाबाट जन्मिएका ४२% बच्चा अपुर दृष्टिको हुन सक्ने बताइएको छ ।

विराटनगर आँखा अस्पतालमा कार्यरत बरिष्ठ दृष्टि विशेषज्ञ पंकजराय अधिकारीले अदूर दृष्टिलाई रोक्न नदिने उपायहरु बारेमा तथ्यहरु प्रस्तुत गरे । कार्यक्रमका अध्यक्ष डा. खत्रीले कार्यक्रम सफल भएको तथा आँखा स्वास्थ्य जनशक्तिले आफ्नो ज्ञान एक-आपसमा बाँढेर निकै फाईदा भएको उल्लेख गरे ।

कार्यक्रममा दृष्टि विशेषज्ञ संघ कोशी प्रदेशका पुरानो कार्य समितिलाई सम्मान तथा विदाइ केन्द्रिय अध्यक्ष निरजदेव जोशीले गरेका थिए । भने नयाँ कार्य समितिलाई प्रमाण-पत्र वितरण निवर्तमान अध्यक्ष पंकजराय अधिकारीले गरेका थिए । कार्यक्रमको समापन कोशी प्रदेश नेपाल दृष्टि विशेषज्ञ संघका अध्यक्ष अजितकुमार ठाकुरले गरेका थिए ।

# ब्राउन सुगरसहित युवती पक्राउ

काँकरभिट्टास्थित मेची पुलबाट ब्राउन सुगर र नगदसहित एक युवती पक्राउ परेका छन् ।

मेचीनगर नगरपालिका-६ स्थित पुरानो मेची पुलमा भारतको पानीट्याङ्कीबाट नेपालतर्फ सिटी सफारीमा चढेर आउँदै गरेकी सुनसरी जिल्ला रामधुनी नगरपालिका-७ की २४ वर्षीया कन्चन परियारलाई ब्राउन सुगर र नगदसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।



लागू औषध ब्युरो र इलाका प्रहरी कार्यालय काँकरभिट्टाको संयुक्त टोलीले चेकजाँच गर्दा परियारको साथबाट एक लाख ३९ हजार नगद, सात सय मिलिग्राम ब्राउन सुगर, सादा मोबाइल सेट र नागरिकताको प्रतिलिपि फेला पारेको थियो । उनलाई आवश्यक कारबाहीको इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको जनाइएको छ ।

# 'विश्व अटिजम सचेतना दिवस' मनाइयो




**बिर्तामोड, चैत २०।** अप्रिल २ अर्थात् 'विश्व अटिजम सचेतना दिवस' बिर्तामोडमा मनाइएको छ ।

न्याय र विकासका लागि सामाजिक सञ्जाल (एसएनजेडी)को संयोजनमा सचेतना दिवस मनाइएको हो । अटिजमबारे सचेतना जगाउने र यसको बारेमा अधिकतम् मानिसहरुमा जानकारी दिने उद्देश्यले र्‍यालीसहितको कार्यक्रम आयोजना गरिएको एसएनजेडीका कार्यक्रम संयोजक कुमार चुडालले जानकारी दिए ।

हनुमान कम्प्लेक्सबाट शुरु भएको र्‍याली वान स्टप मलबाट पूर्वमा पुरानो इलाका प्रहरी कार्यालयबाट पुनः हनुमान कम्प्लेक्स अगाडि आएर कोणसभामा परिणत भएको थियो । र्‍यालीमा करिब एक सय ५० जना सहभागी थिए ।

कोणसभालाई सम्बोधन गर्दै बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले अटिजम कुनै रोग नभई मस्तिष्क विकासको एउटा अवस्था भएको भन्दै सानै उमेरमा यसको पहिचान गर्न सके थेरापीको माध्यमबाट उनीहरुको जीवनयापनमा सहजता ल्याउन सकिने बताए ।

बालबालिकाको पढ्न पाउने अधिकारको सम्मान गर्दै बिर्तामोड नगरपालिकाले बिर्ताबजारस्थित महेन्द्र रत्न माविमा अटिजम स्रोत कक्षा सरोकारवाला निकायसँग समन्वय गरि सञ्चालन गरिरहेको उनले बताए । उनले उक्त स्रोत कक्षाको स्तरवृद्धिका लागि पालिकाले थप सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । र्‍यालीमा सहभागीहरुलाई अटिजमको बारेमा अधिकतम् प्रचार गर्न उनले आग्रह गरे ।


एसएनजेडीका कार्यक्रम संयोजक चुडालले धेरै अभिभावकहरुले अटिजमको बारेमा थाहा नपाउँदा बालबालिकाको अवस्था जटिल बनिरहेको बताए । सानै उमेरमा अटिजमको बारेमा जानकारी पाएमा विभिन्न थेरापीको माध्यमबाट उनीहरुको जीवनयापनमा सहजता ल्याउन सकिने भन्दै यसको व्यापक प्रचारप्रसारको आवश्यकता रहेको उनले बताए ।

कार्यक्रममा सहभागी इकम कलेज, मनकामना कलेज, आदर्श स्कुल अफ होटल म्यानेजमेन्टका विद्यार्थी तथा विद्यालयका प्रतिनिधि लगायत सम्पूर्ण सहभागीहरुलाई उनले धन्यवाद दिए । कार्यक्रममा सहभागीहरुले विभिन्न नारा लेखिएको प्लेकार्ड तथा व्यानर प्रदर्शन गरेका थिए । अभिभावकहरुले अटिजमको थिम तथा नारा उल्लेखित टीसर्ट लगाएका थिए ।

कार्यक्रममा अटिजम भएका बालबालिका, अभिभावक, विभिन्न संघ-संस्थाका प्रतिनिधि, कलेजका विद्यार्थीहरुको उपस्थिती रहेको थियो । त्यस्तै एसएनजेडीले सञ्चालन गरिरहेको प्यारेन्ट चाइल्ड ट्रेनिङ सेन्टर र महेन्द्र रत्न माविको अटिजम स्रोत कक्षामा भएका बालबालिका तथा अभिभावकहरु बीच सचेतना कार्यक्रम समेत सम्पन्न गरेको छ ।

अटिजम भएका बालबालिका तथा अभिभावकहरुले विभिन्न नारा र सचेतना लेखिएको प्ले कार्ड प्रदर्शन तथा अटिजमको थिम निलो रङ भएको क्याण्डल बालेको एसएनजेडीका कार्यक्रम अधिकृत रञ्जन धमलाले जानकारी दिए । यो महिनाभर अटिजम सचेतनामूलक विभिन्न पोष्टर तथा पर्चाहरु समेत वितरण गरिने धमलाले बताए ।

# वास्तु र व्यवहार




### के हो वास्तु ?

वास्तुको जन्म भाद्र कृष्णपक्षको तृतीया तिथिमा भएको हो । विश्वकर्मा प्रकाश नामक ग्रन्थका अनुसार एउटा अति विशाल मानव आकृतिको उत्पत्ति भयो । जसले संसारलाई ढाक्यो । यसबाट आत्तिएका देवताहरु ब्रम्हाजीसँग समस्या समाधान गर्न अनुरोध गरे । ब्रम्हाजीले त्यो विशाल पुरुषाकृतिलाई उँधो मुख गरी थिच्न लगाए । आफूलाई देवताहरुले थिचेपछि आत्तिएको त्यो विशाल आकृतिले ब्रम्हाजीसँग आफू अन्यायमा परेको गुनासो गरेपछि 'वास्तुपुरुष' भनी वरदान दिएको विश्वकर्मा प्रकाश नाम ग्रन्थमा उल्लेख छ ।

वास्तुपुरुषलाई कुनै भवन, मन्दिर, गाउँ, शहर, जलाशय लगायतका निर्माण गर्दा पूजा गर्नुपर्ने र वास्तुको शरीरका अङ्गहरुलाई नकारात्मक असर नपर्ने गरी निर्माण गरिनु विधि वा वरदान प्राप्त भयो । यदि वास्तुपुरुष अर्थात् वास्तु विपरीत निर्माण भए गरेमा त्यहाँ बस्नेहरुमा खुशी नमिल्ने व्यवस्था गरियो । आज पनि उँधो मुख अर्थात् घोप्टो परेको आकृतिलाई 'वास्तुपुरुष' भनी मान्दै आएको पाइन्छ ।

गृह निर्माण गर्दा शिलान्यास, नवगृह प्रवेश, जीर्ण गृह प्रवेश, लामो यात्रा पर्यन्त गृह प्रवेश, मूलद्वार स्थापना, व्रतबन्ध, विवाह आदि काम गर्दा वास्तुपूजन अनिवार्य मानिन्छ । बनिसकेको घरमा पनि विभिन्न समस्याहरु आउन थाले भने वास्तु पूजन वा वास्तु शान्ति गराउनुपर्छ । पौराणिक ग्रन्थका अनुसार घरमा चट्याङ परेको अवस्थामा, पटक-पटक सर्पहरुले दुःख दिन थालेमा, कौवा, लाटोकोसेरो, परेवा आदिले बास गर्न थालेमा वास्तुदोष भएको मानिन्छ । घरमा अरिङ्गाल, बारुलो, मौरी आदिले बास गर्न थाले, बिरालो, स्याल आदि निरन्तर आवाज दिन थाले, पाल्तु जनावरहरु अनाहकमा रातमा कराउने गरेका छन् र घरमा अनाहकमा कहल हुन थालेको छ भने त्यस्तो घरमा वास्तुदोष छ भनेर बुझ्न सकिन्छ । यदि यस्तो अवस्था छ भने तत्काल वास्तु शान्ति गराउनुपर्छ भन्ने शास्त्रीय मान्यता छ ।

हरेक मानिसको जीवनमा भाग्य, कर्म र वास्तुको बराबर प्रभाव हुन्छ । मानिसले आफूले गर्ने कर्मको प्रतिफल कर्म अनुसार नै पाइरहेको हुन्छ । यदि कर्ममा शुद्धता छ र शुभकर्म छ भने त्यसको परिणाम पनि शुभ नै हुन्छ । यद्यपि धेरै मानिसले सकारात्मक कर्म गर्दागर्दै पनि उपलब्धि प्राप्त गर्न सकिरहेको हुँदैन । यदि मानिसको कर्म राम्रो छ र पनि परिणाम नकारात्मक छ भने त्यहाँ उसको भाग्य र वास्तुले साथ दिइरहेको छैन भन्ने बुझिन्छ । मानिस भाग्यले पनि पूर्ण छ, कर्ममा पनि राम्रो छ, तर पनि परिणाम भने जस्तो छैन भने वास्तुदोषले समस्या दिइरहेको हुन्छ । यी तिनै पक्षलाई विचार गरेर हेर्दा मानिसले भाग्यलाई बदल्न सक्दैन । परारब्ध अर्थात् उसको पूर्वजन्मको सञ्चित कर्मको परिणाम भोग्नैपर्छ । वास्तुशास्त्र र यस क्षेत्रका विद्वानहरु भाग्यलाई विधिको विधान भन्छन् । तर, कर्म र वास्तुलाई सकारात्मक बनाउन सकिन्छ भन्ने निष्कर्ष निकाल्छन् । त्यसैले भाग्यको मात्र भर परेर जीवनमा सकारात्मकता ल्याउन सकिन्न । कर्मलाई सकारात्मक बनाउने र वास्तु शास्त्रीय मान्यतालाई प्रयोगमा ल्याउने हो भने जीवनमा सकारात्मकता ल्याउन सकिन्छ ।

### कसरी सकारात्मक हुन्छ वास्तु ?

सामान्यतयाः बजारमा वास्तुको विषयमा निकै चर्चा सुनिन्छ । तर, वास्तुको विषयमा चासो राखे जस्तो लागे पनि मानिस आफैले वास्तु बिगारिरहेका हुन्छन् । थाहा नभएर वास्तु बिग्रनु सामान्य हो, तर कतिपय अवस्थामा मानिसले थाहा पाएर पनि वास्तु विपरीत काम गरिरहेका हुन्छन् । दैनिक जीवनमा प्रयोग गरिने अनेकन सामानहरुले वास्तुमा प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ । आफूले प्रयोग गर्ने गरेका सामानहरुको सही स्थान र उपयोगमा ध्यान नदिँदा घरको वास्तु नकारात्मक बन्दै गएको हुन्छ ।

वास् अर्थात् निवासको सकारात्मक ऊर्जा बढाउँदै नकारात्मक ऊर्जा कम गराउने वैदिक पद्धति नै वास्तु हो । वस्तुको स्थान, आकार, रङ आदिबाट प्रभावित हुन्छ । आधुनिक जीवनमा यसको व्यवस्थापन जटिल तर अनिवार्य बन्दै आएको छ । सानो ठाउँमा अधिक वस्तुहरुको व्यवस्थापन गर्नुपर्ने बाध्यता हुँदा हामीहरुले वास्तु व्यवस्थापन गर्न सकिरहेका हुँदैनौं । बढ्दो शहरीकरण, बहुतले भवन, औद्योगिकरण, जमिनको कमी लगायतका कारण वास्तु व्यवस्थापन जटिल बन्दै आएको छ । यिनै जटिलताका कारण वास्तु व्यवस्थापन छायाँमा पर्ने गरेको छ । जसले गर्दा निवासमा नकारात्मक ऊर्जा बढ्दै गएको हुन्छ । त्यसैले नकारात्मक ऊर्जा कम गर्न वास्तु व्यवस्थापन झन् जरुरी बनेको छ ।

घर या कार्यालयको ऊर्जा सकारात्मक भएन भने त्यहाँ बस्ने या काम गर्ने मानिसको भावमा सकारात्मकता आउँदैन । नकारात्मक ऊर्जा र मनस्थितिका बीच गरिएका कार्यहरु सफल हुँदैनन् । मानिसमा झन्झन् चिन्ता र नैराश्यता उत्पन्न हुन्छ । त्यसैले विविध जटिलता हुँदाहुँदै पनि सम्भव भएसम्म वास्तुका मूल मान्यतालाई बिर्सन या बेवास्ता गर्नुहुँदैन । निवास वा कार्यालयको निर्माण र आन्तरिक साजसज्जामा ध्यान दिने हो भने अधिक वास्तु सकारात्मक बन्छ । अवस्था र व्यवस्था हेरेर पूर्ण व्यवस्थापन गर्न नसकिए पनि मूल कुरामा भने ध्यान दिनैपर्छ । हामी सबैले वास्तु व्यवस्थापन गर्दा केही आधारभूत कुराहरु थाहा पाउनै पर्ने हुन्छ ।

छोटो आलेखमा समग्र वास्तुको चर्चा सहज छैन । यद्यपि हरेक मानिसले आफै प्रयास गर्दा वास्तु सकारात्मक हुने अवस्थाहरुको चर्चा औचित्यपूर्ण हुन सक्छ । त्यसका लागि हामीले आफ्नो निवासलाई विशेष ध्यान दिनुपर्छ । बास अर्थात् निवास सकेसम्म सफा र स्वच्छ हुनुपर्छ । घरको सरसफाईसँगै वस्तुहरुको उचित व्यवस्थापन हुनुपर्छ । घरमा अनावश्यक सामग्री राख्नुहुँदैन । अनावश्यक र प्रयोगमा नआउने सामानहरु 'पछि चाहिएला' भनेर सञ्चय गरिराख्नु वास्तुका हिसाबले नकारात्मक मानिन्छ । कतिपय मानिसहरु आफ्नो घरमा पुराना सामानको भण्डार नै गरेका हुन्छन् । फुटेका ऐना, बिग्रिएका घडी, मेसिनका पार्टपुर्जा, नचल्ने मोबाइल, रेडियो, बल्वहरु सञ्चय गरेर राख्ने गरेको पाइन्छ । यी वास्तुको नकारात्मक ऊर्जाका स्रोत हुन । यसलाई सकेसम्म छिटो घरबाट हटाइहाल्नुपर्छ । बिग्रिएका सामानले घरको ऊर्जा बिगार्छ । राम्रा र आकर्षक वस्तुले सकारात्मक ऊर्जा उत्पन्न गर्छ ।

वैदिक वास्तुमा आठ दिशा र दश दिक्पालको विशेष ख्याल राखेर वास्तु व्यवस्थापन गरिन्छ । जमिनको प्रत्येक टुक्रामा वास्तुपुरुषको निवास हुने हुनाले निर्माण वा व्यवस्थापनमा त्यसलाई ध्यानमा राख्नुपर्छ । पानीजन्य वा जलीय पदार्थ इशान क्षेत्रमा उपयुक्त हुन्छ । पानीको धारो, स्नान गर्ने स्थान, भूमिगत जल सञ्चय यसै क्षेत्रमा राख्नुपर्छ । इशान वास्तु पुरुषको शीर भएकाले यस क्षेत्रमा जलीय पदार्थ सकारात्मक ऊर्जाको स्रोत बन्छ । यसले निवासमा सकारात्मकता सिर्जनामात्र गर्दैन त्यहाँ निवास गर्ने व्यक्तिको जीवनमा पनि सकारात्मकता ल्याउँछ ।

निवास या कार्यालयको मुख्यद्वार सबैभन्दा महत्वपूर्ण हुन्छ । त्यसैले कुनै पनि निर्माण गर्दा मुख्य प्रवेशलाई विशेष ध्यान दिनुपर्छ । स्थान, अवस्था र दिशा हेरेर मुख्यद्वार निर्माण गर्दा सकारात्मक ऊर्जा भएको स्थान चयन गरिनुपर्छ । मुख्यद्वार घरका अन्य द्वारभन्दा ठूलो र आकर्षक बनाउनुपर्छ । जहाँबाट प्रकाश घरभित्र अधिकतम् स्थानमा पुगोस् । निर्माण भइसकेको घर वा निवासको मुख्य ढोका अगाडि फोहोर हुनुहुँदैन । अनावश्यक खाल्डो, ठूला-ठूला रुख, बिजुलीको खम्बा तथा अन्य कुनै पनि सामग्रीको थुप्रो कदापि हुनुहुँदैन । आफ्नो घरको मुख्य ढोकाको सामुन्ने अर्कोको घरको मुख्य ढोका छ भने यसले वास्तुदोष उत्पन्न गर्छ । मुख्य प्रवेशमा कतैबाट छाँया नपरोस् भन्ने कुरामा सचेत हुनुपर्छ ।

स्वच्छ, सफा मुख्य प्रवेश नजिकै शुभ स्थान हेरेर तुलसीको मठ निर्माण गरिनुपर्छ । मुख्य प्रवेश र भान्सा सिधा लाइनमा हुनुहुँदैन । बाहिरबाट प्रवेश गर्दा भान्सा सकेसम्म नदेखियोस् भन्ने कुरामा ख्याल राख्नुपर्छ । अचेल अधिकांश घरहरुमा भान्सा र शौचालय नजिक नजिक राख्ने गरेको पाइन्छ । यसो गर्नुहुँदैन । पूजा कोठा, भान्सा र शौचालय नजिक बनाउँदा वास्तुदोष उत्पन्न गर्छ । तसर्थ, पूजा स्थान घरको इशान क्षेत्रमा, भान्सा कोठा आग्नेय क्षेत्रमा र शौचालय पश्चिम या दक्षिण क्षेत्रमा व्यवस्थापन गर्नुपर्छ । शौचायलमा शौच गर्दा उत्तर या पूर्वाभिमुख हुने गरी मिलाउनुपर्छ । 'सफ्टिक ट्याङ्क'लाई सकेसम्म वायव्य क्षेत्रमा बनाउनुपर्छ ।

हरेक मानिसले पहिलो चरणमा आफ्नो घरको सरसफाई, मुख्यद्वार, पाकशाला, पूजा स्थल र शौचालयको सही व्यवस्थापन गर्दा अधिकतम् वास्तुदोष कम हुन्छ । घरमा भएका पशुपंक्षी र किटपतङ्गहरुको अवस्था हेरेर वास्तुको अवस्था सुधार गर्ने प्रयत्न गर्दा शुभ फल प्राप्त गर्न सहज हुन्छ । हरेक शुभकार्यमा वास्तुपूजन या वास्तु शान्ति गराउने र वर्षभरीमा कुनै पनि शुभ कार्य गरिएको छैन भने वर्षमा एकपटक वास्तु शान्ति गराउने बानी बसाल्नु रामो मानिन्छ ।

# ढलेको बाइटार-चिपटार पुलको 'टावर' ठड्याइयो

**खोटाङ, चैत २०।** निर्माणको क्रममा ढलेको खोटाङको हलेसी तुवाचुङ नगरपालिका-२ डिकुवाको बाईटार र उदयपुरको कटारी नगरपालिकाका-१० सोरुङछबिसेको चिपटार जोड्ने झोलुङ्गे पुलको टावर ठड्याइएको छ ।

पुलको उदयपुरतर्फको निर्माणाधीन टावर २०७९ चैत १० गते ढलेको थियो । निर्माण कम्पनी नेपाल फूलबारी-स्वर्णीम-अन्सुमन जेभीले पुलको टावर हालै ठड्याएको हो । स्थानीयको निरन्तरको दबाबपछि उक्त कम्पनीले गत फागुन २९ गतेदेखि काम शुरु गरेको थियो । टावर ढलेयता पुलको काम रोकिएको थियो । निर्माण कम्पनीलाई प्रदेश सांसद भूपेन्द्र राई लगायत स्थानीयले पूर्वाधार विकास कार्यालय गाईघाट र निर्माण व्यवसायीलाई अविलम्ब काम थाल्न अनुरोध गरेका थिए ।

प्रदेश सरकारले पूर्वाधार विकास कार्यालय गाईघाट मार्फत उपलब्ध गराएको रु. तीन करोड ५० लाखमा पुल निर्माणको काम शुरु भएको थियो ।

झोलुङ्गे तथा पक्की पुल अभावमा साविकको डिकुवा-३ बाईटार र बलुई तथा साविकको डिकुवा-२ टारगाउँका एक सय १० परिवार डुङ्गा चढेर नदी वारपार गर्न बाध्य छन् । उदयपुरको कटारीबजार डिकुवा र बाहुनीडाँडाका स्थानीयको दैनिक उपभोग्य सामग्री किनमेल गर्ने प्रमुख व्यापारिक केन्द्र हो ।


## बिमालेख हरायो

हल्दीबारीबाट बिर्तामोड आउने क्रममा यही मिति २०८०/११/१० गते मेरो निम्न व्यहोराको (एलआइसी) लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- सन्तोष मेचे
**ठेगाना**:- हल्दिबारी गा.पा.-४, झापा
**पोलेसी नं.**:- ६००००५७६
**कम्पनी नाम**:- (एलआइसी) लाइफ इन्स्युरेन्स कर्पोरेसन नेपाल लि.
**सम्पर्क**: ९८०५१७५४७३

## माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०८०।१२।०५ गतेका दिन दमकबाट बिर्तामोड आउने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परीक्षा बोर्डको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम** :- तारा खरेल
**क्याम्पसको नाम** :- Projjwal Collegiate Academy Secondary School, Gauradaha, jhapa
**रजिस्ट्रेसन नं.** :- 781040060077
**सिम्बोल नं.** :- 20400343
**सम्पर्क नं.** :- ९८४२६५५५६३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई





बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | | सम्पर्क (चालक) | |
|---|---|---|---|
| दमकबाट | बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट | बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट | दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

उच्च गुणस्तर सुलभ मूल्य

## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **खुशी सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*






सम्पर्क : ९८१४९१७७११ /९८४२७३३६१२ /९८४२०७०५८६ /९७४२३१०३२८


भूमिसुधार कार्यालय भद्रपुर, झापाको

## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| इन्द्रप्रसाद गुरागाई | दमक-१ | ३१८७ | ०-१-१६.५ | बागविर कामी |
| कचक लाल गनगाई | सिजुवा-२ | ७८२ | ३३४१३.७० | मुनसी सतार |
| पुनम देवी यादव रोहित | कोरोबारी-६ | १०५९ | ०-७-० | सेन माई सतार |
| धन माया उप्रेती | जुरोपानी-२ | ५८८ | ६७५.०० | भगाई/गजाङ्ग लिम्बु |
| बोम बहादुर सुहान | अनारमनी-३ | १९९४ | ६३४.०८ | सिरु चौधरी |
| सन्तोष प्रजापति | कोरोबारी-२ | ११४४ | १-१-१६ | बुधारे/इधारे सतार |
| सन्तोष प्रजापति | कोरोबरी-२ | १००७ | ०-४-१९ | बुधारे सतार/बैजु राजवंशी |
| निसावु राजवंशी | हल्दीबारी-१ ख | ३०७ | ०-०-१५ | चेकरा राजवंशी |
| काशीनाथ अधिकारी | बुधबारे-६ | २७६८<br>२७७० | ०-२-०<br>०-१-१० | बुखुई धिमाल<br>बुखुई धिमाल |
| निसावु राजवंशी | हल्दीबारी-१ ख | ३११ | ०-१-० | कलुवा राजवंशी |
| निसाबु राजवंशी | हल्दीबारी-१ ख | ३०६० | ०-०-१५ | हरिप राजवंशी |
| निसाबु राजवंशी | हल्दीबारी-१ ख | ३१२ | ०-०-१५ | दिपलाल राजवंशी |



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहने देखिएको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
आजको दिन मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभका साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ । शुभ खबर सुन्न पाइने छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
आजको दिन तपाईको लागि शुभ रहेको छ, चिठ्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिने छन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, धैर्य रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, अचानक धन लाभ हुनेछ, मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहला ।